# सबै जीवात्माका लागि पृथ्वी-घोषणा

**प्रस्तावना**

पृथ्वी विकसित भइरहेको जीवित अस्तित्व हो । पृथ्वीमा रहेका हरेक किसिमका जीवात्मा यो जीवित अस्तित्वको एउटा महत्वपूर्ण अंग हो । तदनुसार , हामीहरु सबै यो जीवन्त बिश्व समुदायको जीवन्त सदस्य भएको र हाम्रो प्रत्येक मानव जीव भएकोले र व्यक्तिगत मानवताको नाताले यस धरतीको भविश्यको लागि एउटा साझा लक्ष्य र दाहित्वको लागि हिस्सेदार भई चेतनाको बिजारोपण गर्नु पर्दछ ।

हामी प्रत्येकले यस धरतिको विकासको लागि भूमिका खेल्नु पर्दछ । बिश्व शान्ति प्राप्तिकौ लागि आफ्नौ दायित्व र कर्तव्यकौ साथ बाँच्नु पर्दछ । अहीले सम्म यस धरतिमा थोरै मानिसहरु मात्र जीवनप्रति पूर्ण सन्तुष्ट भएका छन् । हामीहरु सीमित श्रोत तथा साधनहरुको प्रतिस्पर्धा गर्दै बिश्वका हरेक भागमा बिबादहरुको सामना गरिरहेका छौ । विश्व वातावरणमा यसको विनाशकारी असर परेको छ ।

जव हामी नयाँ सहस्राब्दीमा प्रवेश गऱ्यौं, सबभन्दा ठूलो बिश्व शान्तिप्रतिको बोध अन्य कुरामा भन्दा मानवजातिको चेतनाको जागृतिमा निर्भर पर्दछ । आज प्रत्येक मानिसहरुले उनको हृदयमा भएको शान्ति र मेल मिलाप कायम गर्न जिम्मेवारीवहन गर्नु अति आवश्यक भएको छ । हामीहरुसंग यो साझा लक्ष्य छ , जुन हामीहरुले पूरा गर्नै पर्दछ । जव हामी यो साझा अभिप्रायका लागि एउटा वलियो सम्बन्ध बनाउँछौ तथा जब मानब समाजका प्रत्येक सदस्यहरुले यो साझा लक्ष्यप्रति जागृत हुन्छैं तव बिश्वशान्ति प्राप्त हुन्छ ।

अहिले सम्म, शक्ति, धन, प्रतिस्था, ज्ञान, प्रविधि र शिक्षाको आधारमा राष्ट्र र संस्थाहरु बीच मानवता विभाजित भइरहेको छ । यहां दिने र लिने, सहयोगी र उपयोगी बीचमा पनि भेद देखिन्छ ।

त्यसकारण हामी यहाँ ती सबै द्वैत व्यवहार र भेदहरुबाट पूर्ण रुपमा माथि उठेर नयाँ धारणाप्रति हाम्रो प्रतिवद्धता घोषणा गर्दछौं जुन शान्तिपूर्ण विश्व बनाउने आधारशिलाको रूपमा सेवारत रहन्छ ।

**सामान्य सिद्धान्तहरु**

अहिलेको नयां युगमा मानवता एउटा नयाँ विश्व शान्ति तिर लम्कनु पर्दछ , यो एउटा यस्तो विश्व हुनुपर्दछ जहाँ हरेक ब्यक्ति र हरेक राष्ट्रले स्वतन्त्रतापूर्वक उनीहरुको ब्यक्तिगत योग्यता प्रकट गर्न सकोस् र पृथ्वीका सबै जीवात्मा एक अर्कामा मेलमिलाप साथ बस्न सकोस । उपर्युक्त बिषयलाई महसुस गर्न हामीहरुले निम्नलिखित सिद्धान्तहरुलाई मार्गदर्शकका रुपमा अगाडि राखी हेर्न सक्दछौं :-

१. जीवात्मा प्रति आदर

हामीहरुले यस्तो बिश्व रचना गर्नेछौं जहाँ माया र मेलमिलापमा आधारित सबै प्रकारका जीवनहरुको आदर होस् ।

२. सबै भिन्नताहरुप्रति सम्मान

हामीहरुले यस्तो विश्व स्थापना पर्दछैं । जहाँ सबै बिभिन्न जाति, जन जातिहरु, धर्महरु, संस्कृतिहरु, परम्पराहरु र रीती रिवाजहरुको सम्मान होस् । यो बिश्व सबै प्रकारको भेदभाव वा द्वन्द्वहरुबाट मुक्त हुनु पर्दछ र सामाजिक, भौतिक र अध्यात्मिक रुपमा यस्तो ठाउं जहां विविधता प्रति आनन्द र सम्मान हुन्छ ।

३. प्रकृति प्रति कृतज्ञता र प्रकृतिका सबैसित सह-अस्तित्व

हामीहरुले यस्तो विश्व रचना गर्नेछौं  जहां हरेक ब्यक्ति सचेत हुन्छन् कि हामीहरु प्रकृतिको आशीर्वादबाट बाँच्न योग्य भएका छौ र सबै खालका जनावरहरु, बोट बिरुवाहरु र अन्य जीवात्माप्रति कृतज्ञता दर्शाउदै प्रकृतिसंग मेलमिलापपूर्वक बस्नेछन् ।

४. आध्यात्मिक र भौतिक बीच मेलमिलाप

हामीहरुले अध्यात्मिक र भौतिक सभ्यताको सन्तुलित समन्वयमा आधारित विश्वको रचना गर्नेछौं । हामीहरुले मानवताको बीचमा स्वच्छ आध्यात्मिक फूल फुलाउनको लागी भौतिक विषयमा मात्र बढी प्राथमिकता दिने चलन तोडनु पर्दछ । हामीहरुले यस्तो संसार स्थापना गर्नु पर्दछ जहां भौतिक प्रभुरता मान्न होइन आध्यात्मिक सम्पत्तिको पनि मूल्याङ्कन हुन सकोस ।

**साधना**

हामीहरुले ती सिद्धान्तहरुलाई ब्यवहारमा उतार्न निम्न कुराहरुबाट निर्देशित हुनुपर्दछ ।

व्यक्तिगत रुपमा

हामीहरु यस युगबाट माथि जानुपर्दछ जहाँ अधिकार र दायित्व हरेक राष्ट्र , जाति, समुदाय र धर्ममा एकाकार भई व्यक्ति सर्वोपरि हुन्छ । हामीहरुले व्यक्तिगत युगको परिकल्पना गनु पर्दछ , जहाँ अहंकार भावनाले होइन , एक स्वतन्त्र मानव जातिको नाताले आफ्नो दायित्व पूरा गर्न तयार रहन्छ त्यस्तो युग स्थापित होस । हामीहरु प्रत्येकले हृदयमा माया, मेलमिलाप र आदर ल्याउन र त्यसलाई ब्यवहारमा ल्याई ठूलो लक्ष्य लिएर अघि बढने छौ र यसैबाट अनन्त विश्वमा मेलमिलाप, सह अस्तित्व स्थापना गर्ने छौं ।

आफ्नो विशिष्ट क्षेत्र

हामीहरुले प्राविधिक ज्ञान, सीप र विभिन्न क्षेत्रमा खासगरी शिक्षा, विज्ञान, संस्कृति, कला त्यस्तै धर्म, दर्शन, राजनीति र अर्थतन्त्रको क्षमता हालिस गरी बिवेकहरुलाई एकीकृत गरी सहयोगात्मक पद्धतिको निर्माण गर्नु पर्दछ ।

युवा पिढीको रुपमा

बिसौं शताब्दीमा अभिभावक, शिक्षक र समाज बालबालिकाहरु शिकाइन्थे । एक्काइसौ शताब्दीमा ठूलाहरुले एक अर्कालाई उठाउन र प्रेरणा दिलाई बालवालिकाहरुमा रहेको बिलक्षण गुणहरु जस्तै पबित्रता, सरलता, चमक, बिवेक र अन्तरबोधवाट सिक्नु पर्दछ । युवा पिढीहरुले शान्ति स्थापना गरी उज्ज्वल भविष्यको लागि नेतृत्वदायी भूमिका खेल्ने छन् ।

अनुवाद : सुमनलाल श्रेष्ठ, नेपाल